नेपाल सरकार

## सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सूचना

### स्थानीय स्वायत्त शासन (पाँचौं संशोधन) नियमावली, २०६९

स्थानीय स्वायत्त शासन नियमावली, २०५६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २६५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "स्थानीय स्वायत्त शासन (पाँचौं संशोधन) नियमावली, २०६९" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१३क. मा संशोधनः** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २१३क. को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएकोछ :-

"(१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय निकायमा ऐनको दफा २४९ बमोजिम स्वीकृत दरवन्दीको सहायकस्तर चौथो तथा पाँचौं र अधिकृतस्तर छैठौं तहको पदमा सम्वत् २०६४ साल असोज मसान्तसम्म नियुक्त भई यो उपनियम प्रारम्भ हुँदाका बखतसम्म अविच्छिन्न रुपमा सोही दरवन्दीको पदमा कार्यरत कर्मचारीको पदमध्ये स्थानीय निकायले यस नियमावली बमोजिमको न्यूनतम शैक्षिक योग्यता पुगेका स्थानीय निकाय र स्थानीय विकास कोषको स्वीकृत दरवन्दीमा कार्यरत सम्बन्धित कर्मचारीहरु बीच मात्र सोही पदमा छुट्टै प्रतिस्पर्धात्मक परीक्षा सञ्चालन गरी एक पटकको लागि पदपूर्ति गर्न सकिनेछ । यसरी पदपूर्ति गर्दा सम्बन्धित स्थानीय निकायले ऐनको दफा २४९ को उपदफा (२) बमोजिम खर्चको व्यवस्था गरेर मात्र पदपूर्ति गर्नु पर्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (६) को सट्टा देहायको उपनियम (६) राखिएकोछ :-

"(६) स्थानीय निकायले उपनियम (१) बमोजिमको पदपूर्ति यो उपनियम प्रारम्भ भएको मितिले एक वर्षभित्र गरिसक्नु पर्नेछ ।"

३. **मूल नियमावलीको नियम २२३ मा संशोधन:** मूल नियमावलीको नियम २२३ को,-

(१) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएकोछ :-

"(४) सहायकस्तर तेस्रो तहको पदमा कार्यरत कर्मचारीको बढुवा हुने पदको लागि आवश्यक पर्ने सेवा अवधि र बढुवा हुने पदको तहभन्दा एक तह मुनिको लागि तोकिएको शैक्षिक योग्यता पुगेको भएमा निजलाई एक तह माथिको पदमा बढुवा गरिनेछ ।"

(२) उपनियम (४) पछि देहायको उपनियम (४क) थपिएकोछ :-

"(४क) यो नियम प्रारम्भ हुँदाका बखत सहायकस्तर दोस्रो तहमा कार्यरत कर्मचारीहरु यो नियम प्रारम्भ भएको मितिदेखि सहायकस्तर तेस्रो तहमा स्वत: कायम हुनेछन् ।"

(३) उपनियम (५) मा रहेका "उपनियम (४) बमोजिम" भन्ने शब्दहरुको सट्टा "उपनियम (४) र (४क) बमोजिम" भन्ने शब्दहरु राखिएका छन् ।

४. **मूल नियमावलीमा नियम २६९ग.थप:** मूल नियमावलीको नियम २६९ख. पछि देहायको नियम २६९ग. थपिएकोछ :-

"२६९ग. **पहिलेको सेवा अवधिको गणना:** (१) स्थानीय निकायको स्वीकृत दरवन्दीको कुनै पदमा एक वर्षभन्दा बढी अवधिसम्म सेवा गरेको स्थानीय निकायको कुनै कर्मचारीले सो सेवालाई अविच्छिन्न राखी सोही पदमा स्थायी नियुक्ति पाएको भए बढुवा प्रयोजनको लागि साविकमा निजले गरेको सेवा अधिकृतस्तरमा भए छैसट्ठी प्रतिशत र सहायकस्तरमा भए पचहत्तर प्रतिशत गणना गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो नियम प्रारम्भ हुँदाका बखत स्थानीय निकायमा कार्यरत स्थानीय निकायका कर्मचारीले यो नियम प्रारम्भ भएको मितिले एक वर्षभित्र र यो नियम प्रारम्भ भएपछि नियुक्ति हुने स्थानीय निकायका कर्मचारीले नियुक्ति पाएको मितिले एक वर्षभित्र यस नियम बमोजिम सेवा अवधि जोडाउन सक्नेछ ।

(३) उपनियम (२) बमोजिमको अवधिभित्र स्थानीय निकायको कुनै कर्मचारीले सेवा अवधि नजोडाएमा त्यस्तो सेवा अवधि पछि जोडिने छैन ।

(४) यस नियममा लेखिएदेखि बाहेक कुनै कर्मचारीले अन्य कुनै प्रक्रियाद्वारा पहिलेको सेवा अवधि जोडाउन र सेवा अवधि थप गरी सुविधा लिन पाइने छैन ।"

आज्ञाले,
**शान्तबहादुर श्रेष्ठ**
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरवार काठमाडौंमा मुद्रित । मूल्य रु. ५/-
गो.हु.द.नं. १६।०६२।६३

१० (आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।